
# लेखापरीक्षण प्रतिवेदन

## ट्याम्केमैयुङ गाउँपालिका, भोजपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## ट्याम्केमैयुङ गाउँपालिका, भोजपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/132

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू,
ट्याम्केमैयुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भोजपुर।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानिको एकीकृत वार्षिक प्रतिवेदन(म. ले. प .फा .नं, २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणवाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु ९ करोड २६ लाख १३ हजार , पर्यटन पूर्वाधार विकासको रु १९ लाख २५ हजार , एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु १९ लाख ९० हजार समेत गरी रु ९ करोड ६५ लाख २८ हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु १ अर्ब २० करोड २७ लाख ४१ हजार लेखापरीक्षण गरिएकोमा रु २ करोड ६१ लाख १४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु २३ लाख ३१ हजार प्रतिक्रियावाट फर्स्योट भईँ प्रतिक्रियाबाट थप रु.१ लाख ४९ हजार समेत बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु ३ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ७५ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु ६० लाख ६६ हजार र पेश्की रु.१ करोड रहेको छ । गत वर्षसम्म रु ५ करोड ७५ लाख ३३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु ८ करोड १४ लाख ४२ हजार रहेको छ । बेरुजु बर्गीकरण,अद्यावधिक बेरुजु स्थिति र बेरुजु संपरीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।
लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विरण तयार गर्ने **टयाम्केमैयुङ** गाउँपालिकासँग हामी स्वतन्त्र छौ । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरु राय ब्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौ ।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **टयाम्केमैयुङ** गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८५ | ४९ | २६११४७१७ | ० | २६ | २३३१०२६ | १४८७७० | ८५ | २३ | २३९३२४६१ | ३३३४३५ | ६०६५९५६ | ७५३३०७० | ० | ० | १३५९९०२६ | १००००००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | ५,७५,३३,००० | ० | २४,०३८ | ५,७५,०८,९६२ | १,१११ | २,३९,३२,४६१ | ८,१४,४२,५३४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६४ | प्रशिक्षक भत्ता | २३६३०.० |
| २ | २०८०/८१ | ५६ | प्रमाण पेश गर्नुपर्ने | ६२७४८.० |
| ३ | २०८०/८१ | ९३ र ९४ | प्रदेश समपुरक अनुदान | ३९७१०७.२ |
| ४ | २०८०/८१ | ६७ | पारिश्रमिक कर | २१९४२.० |
| ५ | २०८०/८१ | ७० | पारिश्रमिक आयकर | ७८७५.० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०८०/८१ | ६० | पाठ्यपुस्तक वितरण | ७५३६.७१ |
| ७ | २०८०/८१ | ६८ | जिन्सी दाखिला | ९२११८.० |
| ८ | २०८०/८१ | १०९.२ | गिटी ढुंगा र वालुवा | ४४०४७४.० |
| ९ | २०८०/८१ | ६३ | कार्यपत्र प्रस्तुत | १८००.० |
| १० | २०८०/८१ | ७४ | आमा सुरक्षा,गर्भवती रक्तसञ्चार तथा उत्प्रेरणा सेवा | ४८१००.० |
| ११ | २०८०/८१ | ७१ | अध्ययन विदामा बढी सुविधा | ५४६५०.० |
| १२ | २०७८/७९ | ४३ | छात्रवृति तथा पाठ्यपुस्तक वितरण | २४०३८.० |
| १३ | २०८०/८१ | २६ | नाफामूलक संस्थालाई अनुदान | १४८७७०.० |
| १४ | २०८०/८१ | ३३ | गाउँपालिकाबाट वितरित सुरक्षित नागरिक आवास कार्यक्रम | ३००००.० |
| १५ | २०८०/८१ | २२ | कृषि मल ढुवानी | ९९४२७५.० |
| जम्मा | | | | २३,५५,०६४ |

# (८०१०७५०३३०० - ट्याम्केमैयुङ गाउँपालिका, भोजपुर )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १७३.४ वर्ग किलोमिटर तथा १७९११ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०५ देखि २०८१।०६।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१,२०,२७,४०,५४६.०६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा

राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ७,५८,७४,८६२.५७ | ७,५८,७४,८६२.५७ | ७,२७,७७,०४७.९१ | ७,२७,७७,०४७.९१ |
| १३००० | अनुदान | ३६,९७,५४,७७४.९६ | ३६,९७,५४,७७४.९६ | ३९,३८,१६,३०४.०० | ३९,३८,१६,३०४.०० |
| १४००० | अन्य राजस्व | ८३,२२,३२५.०१ | ८३,२२,३२५.०१ | ३१,७२,४२९.८३ | ३१,७२,४२९.८३ |
| क | कुल जम्मा प्राप्ति | ४५,३९,५१,९६२.५४ | ४५,३९,५१,९६२.५४ | ४६,९७,६५,७८१.७४ | ४६,९७,६५,७८१.७४ |
| ३ | चालु | ३१,६३,४१,४४९.४८ | ३१,६३,४१,४४९.४८ | ३२,४७,९२,१७९.०० | ३२,४७,९२,१७९.०० |
| २१००० | पारिश्रमिक / सुविधा | ९,८१,०७,१६०.४८ | ९,८१,०७,१६०.४८ | २२,३०,५७,६११.०० | २२,३०,५७,६११.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २१,०८,०२,८३५.०० | २१,०८,०२,८३५.०० | ९,५३,८१,७७७.०० | ९,५३,८१,७७७.०० |
| २५००० | सहायता (Subsidy) | १९,४१,०००.०० | १९,४१,०००.०० | ५,९८,४७५.०० | ५,९८,४७५.०० |
| २७००० | सामाजिक सुरक्षा | ३९,०४,७५४.०० | ३९,०४,७५४.०० | २,५०,०००.०० | २,५०,०००.०० |
| २८००० | अन्य खर्च | १५,८५,७००.०० | १५,८५,७००.०० | ५५,०४,३१६.०० | ५५,०४,३१६.०० |
| ४ | पूंजीगत | १४,१५,३६,६३९.०० | १४,१५,३६,६३९.०० | १५,०५,५७,३५६.०० | १५,०५,५७,३५६.०० |
| ३१११० | भवन तथा संरचना | ३,५३,२४,५४१.०० | ३,५३,२४,५४१.०० | ३,६७,२८,३३५.०० | ३,६७,२८,३३५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,७०,७८,४६५.०० | १,७०,७८,४६५.०० | ९३,३८,८५९.०० | ९३,३८,८५९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ९६,९९९.०० | ९६,९९९.०० | ५,८०,३६३.०० | ५,८०,३६३.०० |
| ३११५० | सार्वजनिक निर्माण | ८,७५,६६,३३३.०० | ८,७५,६६,३३३.०० | १०,२६,२१,०७०.०० | १०,२६,२१,०७०.०० |
| ३१२२० | मौज्दात सामानहरु | ९,९७,५५९.०० | ९,९७,५५९.०० | ० | ० |
| ३१३१० | बहुमूल्य सामानहरु | ० | ० | १२,८८,७२९.०० | १२,८८,७२९.०० |
| ३१४४० | अपृष्य सम्पत्ती प्राप्ती खर्च | ४,७२,७४२.०० | ४,७२,७४२.०० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ४५,७८,७८,०८८.४८ | ४५,७८,७८,०८८.४८ | ४७,५३,४९,५३५.०० | ४७,५३,४९,५३५.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | (३९,२६,१२५.९४) | (३९,२६,१२५.९४) | (५५,८३,७५३.२६) | (५५,८३,७५३.२६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (९५,४६,८३१.२३) | (९५,४६,८३१.२३) | ६५,७९,४१७.१३ | ६५,७९,४१७.१३ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१,३४,७२,९५७.१७) | (१,३४,७२,९५७.१७) | ९,९५,६६३.८७ | ९,९५,६६३.८७ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६,६२,४५,८७४.६९ | ६,६२,४५,८७४.६९ | ६,५२,५०,२१०.८२ | ६,५२,५०,२१०.८२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५,२७,७२,९१७.५२ | ५,२७,७२,९१७.५२ | ६,६२,४५,८७४.६९ | ६,६२,४५,८७४.६९ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९२६१३२४९ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम कार्यक्रमको रु.१९९०००० र पर्यटन पुर्वाधार कार्यक्रम रु.१९२५०५३ समेत गरी रु.९६५२८३०२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.० यस वर्षको प्राप्ति रु. -१४०६८१८३१.६२ यस वर्षको भुक्तानी रु.-१४०६८१८३१.६२ र बैङ्क मौज्दात रु.० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ६६२४५८७४.६९ | ४५३९५१९६२.५४ | ४६७४२४९१९.७१ | ५२७७२९१७.५२ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६६२४५८७४.६९ | ५९४६३३७९४.१६ | ६०८१०६७५१.३३ | ५२७७२९१७.५२ |
| फरक | ० | -१४०६८१८३१.६२ | -१४०६८१८३१.६२ | ० |

५ **सहकारी संस्थाको अनुगमन-**

सहकारी ऐन, २०७४ को परिच्छेद १६ अन्तर्गत पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ। पालिकामा २२ सहकारी संचालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन । त्यसैले सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको पालिकाले आफ्नो क्षेत्र भित्र रहेको सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको बचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चतता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४७७६००१९.९६ | १०४४२०२३.९० | ३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७ त्रैमासिक पुँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १४१५३६६३९ | ० | २२९०४४०८ | ३३०४६३०६ | ८५५८२९२५ | ४६०३१८५५ |
| प्रतिशत | १०० | ० | १६ | २३ | ६१ | ३३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१४१५३६६३९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ० (० प्रतिशत) दोस्रो त्रैमासिकमा रु.२२९०४४०८ (१६ प्रतिशत) तेस्रो त्रैमासिकमा रु.३३०४६३०६ (२३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.८५५८२९२५ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४६०३१८५५ (३३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ क्षेत्रगत बजेट

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२१२९७००० | १०९३३२२०६.०० | ९०.१४ |
| २ | पूर्वाधार विकास | ६९५९१२०२ | ५०९२७०५३ | ७३.१८ |
| ३ | सामाजिक विकास | २४९६१०००० | २१३९७६१६७.९६ | ८५.७२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६२२०००० | ३५९८४९१ | ५७.८५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०५३४२९६८ | ८००४४१७०.५२ | ७५.९८ |
| जम्मा | | ५५२०६११७० | ४५७८७८०८८.४८ | ८२.९३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकासमा सबैभन्दा बढी ९०.१४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ५७.८५ प्रतिशत रहेको छ । आर्थिक विकासमा २२ प्रतिशत बजेट विनियोजन भएकोमा ९०.१४ प्रतिशत, पूर्वाधार विकासमा १३ प्रतिशत बजेट विनियोजन भएकोमा ७३.१८ प्रतिशत, सामाजिक विकासमा ४५ प्रतिशत बजेट विनियोजन भएकोमा ८५.७२ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १ प्रतिशत बजेट विनियोजन भएकोमा ५७.८५ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा १९ प्रतिशत खर्च रहेको छ ।

## ९ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## १० बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ११ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १२ बजेट पेश पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।०३।१० मा रु.५२ करोड ५८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरी सक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

- कार्यालयको श्रेष्ता र बैकबिचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता भई गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना भएको पाईएन।

- वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको

- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।

- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको भएतापनि आन्तरिक लेखापरीक्षणबाट औंल्याएको व्यहोरा फर्स्यौट वा

संपरीक्षण गरी अन्तिम लेखापरीक्षणमा पेश गर्नुपर्नेमा सो गरेको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जंगल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **पूर्व विद्यार्थी भेला कार्यक्रम** (५३१/२०८१-३-१९):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ४ मा बजेट निकासा, खर्च र नियन्त्रण सम्बन्धि व्यवस्था छ । साथै, नियमावलीको नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने तथा नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि निर्धारण गरिएको छ । अन्नपुर्ण बागधन रणदीपा राई मावि विद्यालको पुर्व विद्यार्थी भेलाका लागि पालिकाले गो.भौ.नं ५३१ मिति २०८२।०३।१९ मार्फत रु.२९१००० बराबरको खर्च गरेको छ । यसरी ऐन नियमको व्यवस्था विपरित खर्च गरेको रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९१,००० |

१७ **गत वर्षको भुक्तानि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी यस वर्षको बजेटमा समेत गरी गत वर्षको भुक्तानी दिन बाँकी रु.२३८५५०८ भुक्तानी दिएको छ । बहुबर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्व नभई सामान्य प्रकृतिको खरिद तथा कार्यको पनि दायित्व सिर्जना गरेको देखिएकोले ऐन नियमको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१८ **धरौटी फिर्ता**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२४(२) मा धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक बर्षमा निम्नानुसारका पार्टिहरुलाई मूल्य अभिवृद्धि कर समायोजन पत्र बेगर धरौटी फिर्ता गरेको देखिएकोले मू अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| गो भौ नं।मिति | पार्टिको नाम | फिर्ता रकम |
|---|---|---|
| ९ मिति २०८०।०९।१९ | डि एण्ड जे एस निर्माण सेवा | २११३५। |
| ५ मिति २०८०।०६।२६ | विदुर निर्माण सेवा प्रा लि | ३९४४५६। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१५,५९१ |

१९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १ वटा ऐन १ वटा नियमावली ६ कार्यविधि र निर्देशिका १ लगायत ९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

साथै पालिकाले ९ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत विगत बर्ष देखि नै यस पालिकामा कुनै पनि मुद्धा मामिला दर्ता भएको देखिएन ।

२१ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि पशु शैक्षिक सेवा सामान खरिदमा रु.३८४५०५९ तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.४९२५०० गरी रु.४३३७५५९ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२२ **कृषि मल ढुवानी**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१९४,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२३ **प्रमाण पेश** (१४७/२०८१-१-२६):

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को दफा ४० को उपदफा ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुन पर्ने व्यवस्था छ । तर पालिकाले कृषि कार्यमा प्रयोग हुने १५३ प्लाष्टिक टनेल **Birat Group of Company Pvt. Ltd.** सुन्दर हरैंचाबाट खरिद गरी रु ९९७५५९।भुक्तानी भएकोमा प्राप्त मालसामान हालसम्म वितरण भएको पाइएन । तसर्थ उक्त मालसामान प्राथमिकताको आधारमा यथाशीघ्र वितरण गरि सो को भरपाई समेत प्राप्त गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९७,५५९ |

२४ **करुणा फाउण्डेशन**

कोशी प्रदेश सरकार समाजिक विकास मन्त्रालय अन्तर्गत करुणा फाउण्डेशनसँगको त्रिपक्षीय साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रममा गत विगत बर्षमा त्रिपक्षीय लागत साझेदारी भएकोमा यस बर्ष प्रदेश सरकारको रु.६००००० र गाउँपालिकाको रु.२१००००० गरी जम्मा रु.२७००००० मा संचालन भएको देखिन्छ । यस आर्थिक बर्षमा करुणा फाउन्डेशनको लागत शुन्य रहेको छ । सम्झौताका सुरुवाती बर्षमा लागत साझेदारी व्यहोर्ने र पछि विस्तारै आफ्नो साझेदारी घटाएर शुन्यमा झारी पालिकालाई थप दायित्व पर्ने गरेको देखिन्छ । पालिकालाई दायित्व थपिदै गएकोले यस कार्यक्रमको प्रभावकारीता तथा आवश्यकता मुल्याङ्कन गरी साझेदारीमा कार्य गर्ने संस्थासँग सादीकारी कार्यक्रम संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२५ **लागत साझेदारी**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली,२०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले उध्धमशील कृषि सहकारी संस्था लिमिटेसँग

घाँस नर्सरी ब्यवस्थापन कार्यक्रममा गाउँपालिकाको ७५ प्रतिशत र सहकारीको २५ प्रतिशत साझेदारी रहने गरी रु.६५०००० को कार्यक्रम संचालन भएकोमा पालिकाको हिस्सा रु.५००००० को मात्र खर्च भएको प्रमाण पेश भएकोले सम्झौता बमोजिमको सहकारीले व्यहोर्ने २५ प्रतिशत साझेदारीको नगद हिस्सा नदेखिएकोले साझेदारीको हिस्सको प्रमाण पेश गर्नपर्ने अन्यथा उक्त रकम सम्वन्धित संस्थाबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

२६ **नाफामूलक संस्थालाई अनुदान** (८६/२०८०-१०-१९):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४८,७७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १८ कर्मचारीको रु.२७४५२००० शिक्षातर्फ १६६ शिक्षकहरुको रु२७१४२००० र पालिकाका ५२ कर्मचारीको रु१५००३००० समेत रु. ६९५९७००० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधी सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत इन्जीनियर जनस्वास्थ्य अधिकृत सहित ५७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२९ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) मा नगर प्रहरी सवारी चालक सयस बगैंचे प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक ८ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.४१७४२४६ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ४१,७४,२४६ |

३० **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको भएतापनि कतिपय सामानहरु PAMS मा प्रविष्ट नगरेकोले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ३१ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· वडागत रुपमा खरिद गरिएका मालसामान PAMS मा प्रविष्ट नभई वडाको जिन्सी खातामा प्रविष्ट भएकोले जिन्सी निरीक्षण प्रभावकारी मान्न सकिएन ।

· पालिका तथा पालिका अन्तर्गतका वडाहरुमा खरिद भएका मालसामानहरु केन्द्रिय जिन्सी खाता (PAMS) मा प्रविष्ट गरी सहायक जिन्सी खाता अन्य शाखा तथा वडाहरुमा राख्नुपर्दछ ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## ३२ सवारी साधन खरिद

स्थानीय सरकार सञ्चालन ऐन २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा अन्य अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ। पालिकाले समानीकरण अनुदान र आन्तरिक स्रोतबाट यस वर्ष निम्न अनुसार रु.७८०९८०० सवारी साधन खरिद गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ ।

| भौ.नं./मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १५।२०८०।०९।१७ | मनकामना अटो मोवायल्स | मोटरसाइकल ८ थान | २०८४८०० |
| १५१।२०८१।०२।०४ | एम ए डब्लु अर्थ मुभर्स प्रा लि | व्याकहो लोडर | ५७२५००० |

## ३३ गाउँपालिकाबाट वितरित सुरक्षित नागरिक आवास कार्यक्रम

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ३४ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले

कानुन तथा कार्यविधि बनाई रु.१७६७०७२ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

## ३५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१०४४२०२३.९० राजस्व बाँडफाँड र अनुदानबाट रु.५७७३६६९१६ समेत रु.५८७८०८९४० आम्दानी भएकोमा चालु तर्फ रु.३१६३४१४४९.४८ र पूँजिगत तर्फ रु.१४१५३६६३९ समेत रु.४५७८७८०८८.४८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.९७००८५० खर्च भएको छ जुन आन्तरिक आयको ९० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८३.७ प्रतिशत चालु र ८१.२८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३६ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु.२८८४३७० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.९३१६५५४.२१ अर्थात अनुमान भन्दा ३२३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## ३७ नाफामूलक संस्थालई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले गो.भौ.नं.२४५।०८१।३।१७ विभिन्न प्रयोजनको लागी विभिन्न मालसामान खरिद गरि जम्मा रु ९९५९९८ नानोटेक इन्फोसिसलाई भुक्तानी दिएको मध्ये सहकारीलाई डेस्कटप कम्प्युटर र प्रिन्टर खरिद वापत रु ११०९९८। भुक्तानी दिएको छ । भौचरसँग संलग्न कागजातमा सहकारीको नाम नामेशी र उक्त मालसामानको हस्तान्तरण फारम सम्बन्धी विवरण माग गर्दा मौखिक रुपमा नाफामुकल संस्थालाई सामान उपलब्ध गराएको जानकारी दिएको छ । सो सम्बन्धी प्रमाणित कागजात समेत पेश भएको छैन । यसरी नाफामूलक संस्थालाई मालसामान खरिद गरी हस्तान्तरण गर्न नमिल्ने हुँदा सो रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,९९८ |

## ३८ विविध खर्च

प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७९ को नियम ४१(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. ४००००००। खर्च गरेको छ ।खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, भोज सम्बन्धी, सुरक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य जस्ता क्रियाकलापमा विविध खर्च गर्न सकिने ब्यवस्था भएकोमा सो कार्यक्रम भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका बिलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

## ३९ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

**रु हजारमा**

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| गत वर्षको | | | | | | |
| १ | Detail Engineering Survey and Design of Shreedali to Chourelli Road Construction Project | Mid Hill Infrastructure | १०००।०० | ९९४।४० | ४३५८१९।३७ | रकम माग गर्न सम्बन्धित मन्त्रालयमा पेश गरीएको |
| यो बर्षको | | | | | | |
| १ | आवधिक विकास योजना | Strength Engineering Consultancy Pvt. Ltd. | १५००।०० | १४८५।९५ | | |
| २ | Topographic Master Plan Preparation of DPR of Cold Storage Building at Temkemaiyung RM | Concept Architect and Designs Pvt. Ltd. | ७००।०० | ६९५।०० | ५३०५५।२९ | रकम माग गर्न सम्बन्धित मन्त्रालयमा पेश गरीएको |
| ३ | Preparation of Updated Rural Municipality land use map Earth Cadastral Superimpose | Koshi Engineering Consultancy | १३००।०० | १२८४।८१ | | |
| ४ | Preparation of Detailed Report for Motorable RCC Bridge of Wachimle Khola | Arun Valley Engineering Consult and Builders | १०००।०० | ९७७।९९ | ४८०९२।४२ | रकम माग गर्न सम्बन्धित मन्त्रालयमा पेश गरीएको |
| ५ | Detailed Architectural and Engineering Design Review Cost Estimate and Report Preparation for Administrative Building Annapurna Bhojpur | Valley Engineering Consultancy Pvt. Ltd. | ५००।०० | ४९५।६१ | ९७०४९।९९ | रकम माग गर्न सम्बन्धित मन्त्रालयमा पेश गरीएको |
| ६ | Detailed Architectural and Engineering Desing Cost Estimate Geotechnical Assessment and Report Preparation for Krishi Utpadan Sankalan Bikri Kendra Pandhare | Redox Consult Pvt. Ltd. | १९७५।०० | १६९४।०९ | १३१११७।२१ | रकम माग गर्न सम्बन्धित मन्त्रालयमा पेश गरीएको |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा आधार लिई स्वीकृत बजेट बमोजिम लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरेको छ । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा

आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१९९२१९० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र सं | कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद खर्च | यो वर्षको वार्षिक मर्मत सम्भार खर्च |
|---|---|---|---|---|
| १ | एकिकृत कर प्रणाली | २०७९।८० | ९९५५३० | ० |
| २ | एकिकृत सुचना प्रणाली सफ्टवेयर | २०८०।८१ | ९९६६६० | ० |
| जम्मा | | | १९९२१९० | ० |

४१ **ईन्धन खर्च**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बुदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई बिशिष्ठ श्रेणि १०० लि माशिक ईन्धन , ५ लिटर त्रैमासिक रुपमा मोबिल ब्रेक आयल सहसचिबलाई ७० लि माशिक ईन्धन , ५ लिटर त्रैमासिक रुपमा मोबिल ब्रेक आयल र मोटरसाईकल माशिक १० लिटर पेट्रोल ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । पालिकाले यसवर्ष ईन्धनमा १९५४०००। खर्च गरेकोमा पालिका ४ पाङ्गे सवारी साधन समेत रहेको देखिदैन । प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा, बनाएको छैन । सवारी कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्दछ । कार्यालयले सवारी साधनको लगबुक राखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेको भएता पनि इन्धन खपतमा नियन्त्रणको अवस्था नदेखिएकोले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत गर्न पाउने हो सो को मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा कर्मचारीलाई मासिक रुपमा इन्धन प्रदान गर्नुपर्ने देखिन्छ ।

४२ **पारिश्रमिक** (375-२०८१-२-४):

पालिकाभित्र रहेको रेडक्रस सोसाईटीको एम्बुलेन्स सोसाईटी र पालिकाको सम्झौताका आधारमा सो एम्बुलेन्सको सवारी चालकका लागि पालिकाले पारीश्रमिक वापत रु.२८६००० निकासा गरेको देखिन्छ। सो एम्बुलेन्समा पालिकाको कुनै प्रकारको हक तथा स्वामित्व देखिदैन । एम्बुलेन्स संचालनको कुनै मापदण्ड तथा कार्यविधि पालिकाले तर्जुमा तथा कार्यान्वयन गरेको देखिएन । एम्बुलेन्स सेवा सेवामुलक सेवाप्रवाह भएतापनि न्यनतम सेवाशुल्कका आधारमा सञ्चालन हुनुपर्नेमा सो सेवावाट प्राप्त आम्दानि सम्वन्धमा पालिकासँग कुनै जानकारी नरहेको सवारी चालकको पारिश्रमिक नियमति भुक्तानि गरेको देखिएकोले यस्तो खर्चलाई नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,८६,००० |

४३ **मर्मत अभिलेख खाता नराखेको**

सवारी साधन र चल्ती मेसिनरी औजारहरुको मर्मत गर्दा म.ले.प.फा.नं. २ मर्मत अभिलेख फाराम प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु१६२७०००। मर्मत खर्च भुक्तानी गरेकोमा सोको अभिलेख खुल्ने मर्मत अभिलेख खाता राखी मर्मत खर्च मितव्ययी गराउने तर्फ ध्यान दिनुपर्नेमा मर्मत अभिलेख खाता राखेको पाईएन । कानूनमा भएको व्यवस्था पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधी सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत इन्जीनियर जनस्वास्थ्य अधिकृत सहित ५७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

४५ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१०००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४६ **विद्यालय अनुगमन-**

**विद्यालय अनुदान निकासाको अनुगमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो अन्तरगत क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।

**विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।०८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०८०।८१ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

**संस्थागत विद्यालय** - स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

४७ **शिक्षक विधार्थी अनुपात-**

शिक्षा नियमावली, २०५९ को नियम ७७ अनुसार विधार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ मा केही विधालयहरुको शिक्षक विद्यार्थी

अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | तिम्मा मा वि तिम्मा | ११ | १०४ | १:९ |
| २ | पशुपति मा वि तिम्मा रिमचिम | ११ | १२५ | १:११ |
| ३ | जीवनसुधार आ वि तिम्मा खम्बुखा | ७ | १०७ | १:१५ |
| ४ | सप्तकन्या प्रा वि तिम्मा पाङखाङ | ३ | २४ | १:८ |
| ५ | पखुवाज्योती प्रा वि तिम्मा सुम्लिखा | ३ | २४ | १:८ |
| ६ | त्रिभुवन धर्मोदय मा वि छिनामखु | १५ | २२२ | १:१५ |
| ७ | त्रिभुवन धर्मोदय प्रा वि छिनामखु | ३ | ४५ | १:१५ |
| ८ | नौलागाउँ आदर्श प्रा बि छिनामखु | २ | १० | १:५ |
| ९ | जनजाग्रीति प्रा वि छिनामखु | ३ | १६ | १:५ |
| १० | ठेउवा प्रा वि छिनामखु | २ | २१ | १:११ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ४५ वटा विद्यालयहरुमा २२७ जना शिक्षक र ३०६० जना विधार्थी रहेकोमा औषत शिक्षक विधार्थी अनुपात १:१३ रहेको छ ।

४८ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन-**

पालिकाको औषत शिक्षक विधार्थी अनुपात १:१३ रहेकोमा सार्वजनिक विधालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघिय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेको देखिएन । तसर्थ पालिकाले विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानको कार्यमा तदारुकता कायम गर्नुपर्छ ।

४९ **सामुदायिक विधालयको दरबन्दी र पद्पुर्ति-**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्रका ४५ वटा सामुदायिक विधालयका शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहायबमोजिम रहेको छ ।

| विधालयको तह | स्वीकृत दरबन्दी संख्या | स्थायी पदपुर्ती | पदपूर्ति मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| प्राथमिक तह | १४५ | १२१ | २४ | ० |
| निम्नमाध्यमिक तह | ४३ | २९ | १४ | ० |
| माध्यमिक तह | ३९ | १६ | २३ | ० |
| जम्मा | २२७ | १६६ | ६१ | ० |

क्त विवरण अनुसार पालिकाका विद्यालयहरुमा जम्मा २२७ स्वीकृत दरबन्दी रहेकोमा सो मध्ये १६६ जना स्थायी पदपूर्ति र ६१ जना राहत/ करारमा नियुक्त गरी जम्मा २२७ पद नै पदपूर्ति गरेको देखिन्छ। पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

५० **विधालय र विधार्थी संख्याः**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छनः

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४५ | ३०५९ |
| २ | संस्थागत विधालय | १ | ३१ |
| जम्मा | | | ३०८० |

परोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ३०८० जना रहेकोमा ९९.१२ प्रतिशत सामुदायिक विधालय र ०.८८ प्रतिशत विधार्थी संस्थागत विधालयमा अध्ययनरत रहेको देखिन्छ ।

५१ **शैक्षिक गुणस्तर-**

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.इ.इ परीक्षामा जम्मा २१२ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहायबमोजिम रहेको छ ।

| क्र.सं. | कक्षा | जम्मा विद्यार्थी | उतिर्ण विद्यार्थी संख्या | | उतिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | सस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १. | SEE | २१२ | ० | १५ | ० | ७.०७ |

ल्लेखित तालिका अनुसार २१२ विद्यार्थी मध्ये १५ जना मात्र सामुदायिक विद्यालयबाट विद्यार्थी उतिर्ण भएको देखिन्छ । सामुदायिक विद्यालयमा देखिएको न्युन उतिर्ण प्रतिशतले सामुदायिक शिक्षा/ विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

५२ **दिवा खाजा कार्यक्रम-**

कार्याक्रम कार्यान्वय पुस्तिका २०८०।८१ को बुँदा नं २.८.७ को ग मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यालय सङ्ख्यालाई आधार मानि प्रति विद्यालयका लागि दैनिक रु १५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विद्यालय व्यवस्थापनको अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ ।तर शिक्षा संयोजकको भनाई बमोजिम २०८० असोज देखि चैत्र सम्म सफ्टवेयरमा भएको परिवर्तले तत्काल तथ्याँक संकलन गर्न नसकेको र तत्पश्चता विद्यालयको मागको आधारमा मात्र निकासा पठाएको भनाइ प्राप्त भएको छ । यसरी फल्यास रिपोर्टको आधारमा रकम निकासा गर्नुपर्ने प्रावधान हुँदाहुदै केवल हाजिरीको आधारमा गरिएको निकासाले कारोबारको सत्यतालाई पुष्टयाई गर्दैन । साथै कारोबारको सुनिश्चित समेत गर्न सकिएन । तसर्थ दिवा खाजा वापत निकासा गरिएको रकम सदुपयोग भए नभएको सुनिश्चित गर्न पालिकाबाट विशेष अनुगमन गर्नुपर्छ ।

५३ **पाठ्यपुष्तक वितरण-**

कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ को कृयाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यस्था छ । तसर्थ पालिकाले उपलब्ध गराएको

पाठ्यपुस्तक वापतको अनुदान रकम बराबरको पाठ्यपुस्तक खरीद भर्ना भएको सम्पूर्ण विद्यार्थीहरुलाई पुग्ने गरी वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

५४ **छात्रवृति वितरण कार्यक्रम-**

कार्यक्रम कार्यान्वय पुस्तिका, २०८०।८१ को कृयाकलाप नं २.८.४ मा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृत्ति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दर अनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयको विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितको विवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न विद्यालयको नाममा निकासा पठाएको रकमको सम्बन्धमा पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृत्ति पाए नपाएको यकिन गर्नुपर्छ ।

५५ **स्यानिटरी प्याड** -

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६७३ जना रहेका छन। पालिकाले कोटेशनबाट अंकुर डाईगोनोस्टिक एणंड सर्जिकल सेन्टर.बाट रु. ८६७९४५/- (मु अ कर समेत) मा ८६८० प्याकेट स्यानेटरी प्याड खरिद गरेको छ। खरिद गरिएको स्यानेटरी प्याड मध्ये ७३०८ प्याकेट विभिन्न ११ विद्यालयहरुलाई वितरण गरेको भरपाई राखेको छ भन्ने बाँकी १३७२ प्याकेट स्टोरमै सञ्चित रहेको जानकारी दिएको छ ।यसरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि विद्यालयलाई हाजिर हुने वास्तविक विद्यार्थी संख्याको आधारमा वितरण नगरी सबै विद्यालयलाई विभिन्न दरले भरपाई मार्फत वितरण गरेको देखिन्छ । यसरी वितरण गर्दा वास्तविक माग भएको ठाउँमा प्याडको अभाव हुने तथा माग नहुने ठाउँमा प्याडको अनावश्यक भण्डारण हुने सम्भावना रहन्छ । तसर्थ पालिकामा मौज्दात रहेका र पालिकाबाट वितरण गरिएका प्याडको भण्डारण तथा वितरण विद्यालयहरुले सही ढंगले गरेको नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन हुनुपर्छ

५६ **प्रमाण पेश गर्नुपर्ने-**

शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनको आधारमा भुक्तानी गर्नुपर्दछ । देहायका शिक्षकहरुको शैक्षिक सत्र २०८० को तलब भत्ता भुक्तानी गर्दा तलबी प्रतिवेदन पारित भएको देखिएन। तसर्थ निजहरुको नाममा पारित तलबी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| विद्यालय | शिक्षक | भुक्तानी भएको ग्रेड संख्या | भुक्तानी भएको ग्रेड रकम रु | जम्मा ग्रेड भुक्तानी रु |
|---|---|---|---|---|
| महाकाली प्रा.वि खावा | भगत कुमार राई | ४ | ४३८८ | ६२७४८ |
| | होमराज लामा | ६ | ६५८२ | ९४१२२ |
| जम्मा | | | | १५६८७० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **६२,७४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५६,८७० |

५७ **सामुदायिक सिकाई केन्द्र-**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप न. २.७.१३.११ को उपक्रियाकलाप न. ६.७ मा वार्षिक साधारण सभा भए नभएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरे नगरेको, गत आ.व को खर्च स्वीकृत गरे नगरेको, लेखापरीक्षण गरी प्रतिवेदन

पेस गरे नगरेको तथा शैक्षिक सुचना व्यवस्थापन प्रणाली भरे नभरेको सन्दर्भमा स्थलगत निरीक्षण गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाबाट देहायबमोजिमको २ वटा सामुदायिक सिकाई केन्द्रको नाममा कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम संघिय सशर्त र पालिकाबाट देहायबमोजिमको अनुदान रकम निकासा गरेको छ ।तर उक्त रकमको सम्बन्धमा पालिकाबाट निरीक्षण एवं अनुगमन गरी सोको प्रतिवेदन पेश भएको देखिएन । त्यसैले तोकिए बमोजिमको कार्य सम्पन्न भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

| **क्र.सं** | **सिकाई केन्द्र** | **अनुदान रकम रु** | | **कुल जम्मा** |
|---|---|---|---|---|
| | | **तलब** | **लेखापरीक्षण** | |
| १. | श्री अन्नपूर्ण सामुदायिक सिकाई केन्द्र | २२१००० | १२०००० | ३४१००० |
| २. | श्री जनजाग्रिती सामुदायिक सिकाई केन्द्र | २२१००० | १२०००० | ३४१००० |
| | **जम्मा** | **४४२०००** | **२४००००** | **६८२०००** |

## ५८ विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान-

भौ नं १९९।२०८१।२।१४ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.८.५ मा विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान दिदा विधालयमा उपलब्ध शैक्षिक सामाग्री र प्रयोगको अवस्था, निर्माण तथा अधावधिक भएका विद्यालय सुधार योजना संख्या, विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन, सञ्चालनमा रहेको MGML तथा बहुभाषिक विद्यालय संङ्ख्या र इन्टरनेट प्रयोग गर्ने विद्यालयको प्रगति सुचकलाई मुल्यांकन गर्ने व्यवस्था छ । पालिकाबाट विभिन्न ४५ वटा विद्यालयहरुको नाममा देहायबमोजिमको रकम निकासा गरेको छ । तर उक्त रकमको सम्बन्धमा पालिकाबाट निरीक्षण गरी प्रतिवेदन प्राप्त भएको देखिएन । तसर्थ तोकिए बमोजिमको रकमको कार्य सम्पन्न भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

| **विद्यालय सं.** | **विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान** | | | | **जम्मा** |
|---|---|---|---|---|---|
| | **SIP अनुदानरु.** | **मसलन्द अनुदान रु.** | **सा.प.ले.प अनुदान रु.** | **Net अनुदान रु.** | |
| ४५ | ७२०००० | ८२०००० | ४९५००० | ५४०००० | २५७५००० |

## ५९ सिकाई तथा डिजीटल सामग्री-

भौ नं २००।२०८१।२।१४ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विधालयलाई अनुदान दिँदा निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि तयार भएको पोर्टफोलियो, OJT गर्ने विद्यार्थी सङ्ख्या तथा विद्यालयले भरेको शैक्षिक तथ्याङ्कको प्रगति सुचकलाई मुल्याङ्कन गर्ने व्यवस्था छ । पालिकाबाट विभिन्न ४५ वटा विद्यालयहरुको नाममा देहायबमोजिमको रकम निकासा भएको छ । तर उक्त रकमको सम्बन्धमा पालिकाबाट निरीक्षण गरी प्रतिवेदन प्राप्त भएको देखिएन । तसर्थ तोकिए बमोजिमको रकमको कार्य सम्पन्न भएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

| **विद्यालय सं.** | **सिकाई तथा डिजीटल सामग्री** | | | **जम्मा अनुदान रु.** |
|---|---|---|---|---|
| | **बुक कर्नर अनुदान रु.** | **CAS अनुदान रु.** | **ECD व्यवस्थापन अनुदान रु.** | |
| ४५ | १२९१००० | ३५४०० | २०७४०० | १५३३८०० |

## ६० पाठ्यपुस्तक वितरण-

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,४३२.३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,५०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३,५९७.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **कार्यसम्पादनमा आधारित अनुदान-**

कार्याक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को अनुसूची १० मा नमुना विद्यालयहरुको नामावली उल्लेख छ ।उक्त नामावलीमा श्री अन्नपूर्ण बगाधन रणदीपा राई मा.वि समावेश भएको देखिएन । पालिकाले आ.व २०८०।०८१ मा कार्यसम्पादनमा आधारित मूल्यांकन अनुदान कार्यसम्झौताको आधारमा रु ३००००००/- यस विद्यालयलाई निकासा गरेको छ । यस सम्बन्धि थप व्यहोरा देहायबमोजिम छनः

६१.१ पालिकाले विद्यालय शैक्षिक गुणस्तर सुद्धीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन वापत श्री अन्नपूर्ण बगाधन रणदीपा राई मा.विलाई रु ३००००००/- अनुदान उपलब्ध गराएको छ । तसर्थ विद्यालयले पेश गरेको कार्ययोजना अनुरुप कार्य गरे नगरेको सम्बन्धमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था पालिकाले प्रभावकारी अनुगमन गर्नुपर्छ ।

६१.२ सुरुमा ३ जना निजी शिक्षक राख्ने व्यहोरा सहितको कार्यक्रम प्रस्ताव पेश गरेकोमा पछि ४ जना निजी शिक्षक राखेको विवरण पेश गरेको छ । तर ति शिक्षकको नियुक्ती, निजलाई भुक्तानी गरेको तलब दर के कुन आधारमा निर्धारण गरिएको हो सो सम्बन्धमा विवरण स्पष्ट खुलेको देखिएन । तसर्थ पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्छ ।

६१.३ मिति २०८१।२।१८ गते १ दिने तालिमको लागि रत्न अम्बिका मा.वि. तुम्लिङटारमा भ्रमण गरेवापत यातायात खर्च वापत रु ५००००/-, तथा अन्य विविधमा रु ५२३८०।– समेत रु १०२३८०/- खर्च लेखेको छ । उपरोक्त तालिमको कार्यतालिका निर्माण भएको देखिदैन साथै उक्त तालिमको कार्यसुचि तथा तालिम भ्रमणमा भ्रमण खर्च वापत भुक्तानी सोधभर्ना लिएको राजेश राईले आफ्नो गाडिको लगबुक समेत राखेको देखिएन । तसर्थ पालिकाले यस सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्छ ।

६१.४ स्थानीय तहले विद्यालयहरुले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयले सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरु पूरा गरी सामग्री खरिद गर्न जोड दिनुपर्छ ।

६१.५ मिति २०८०।६।०८ मा कार्यक्रम प्रस्तावको आधारमा कुल रु ३००००००/- बराबरको अनुदानबाट देहाबमोजिमको कार्यहरु मिति २०८१।०३।१५ मा सम्पन्न गर्ने गरी कार्यक्रम सम्झौता भएको छ ।

| **कार्यक्रम** | **अनुदान रकम रु** |
|---|---|
| निजी शिक्षक ३ जना तलब | १५०६२७४ |
| शिक्षक पुनर्ताजगी | १५०००० |
| शैक्षीक सामाग्री | १९३७२३ |
| ICT | १०००००० |
| अध्ययन भ्रमण | १५०००० |

सुरु प्रस्तावभन्दा फरक संख्यामा निजी शिक्षक, प्रशासनिक खर्च, ICT सामाग्री तथा तालिम जस्ता कार्य गरेको भनि कागजात पेश गरी कार्यसम्पन्न गरेको कार्य कार्य सुरु प्रस्तावको भन्दा फरक ढंगले कार्य गरेको हुनाले उपरोक्त प्रस्ताव विपरीत कार्य भएको तथा तोकिएको लक्ष्य पुरा भए नभएको सम्बन्धमा सुनिश्चित हुन सकिएन । तसर्थ पालिकाले यस सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्छ ।

६२ **अनुगमन तथा निरीक्षण-**

कार्याक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को कृयाकलाप नं २.७.१३.१३ को उपकृयाकलाप नं ९.५(च) मा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी उक्त विद्यालयबाट प्रस्ताव माग गरी कम्पयुटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवंम शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरणसहितको प्रस्तावको मूल्याङ्कन गरी विद्यालयहरुको छनौट गर्ने व्यवस्था छ । साथै स्थानीय तहले विद्यालयहरुले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयले सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरु पूरा गरी सामग्री खरिद गर्न जोड दिनुपर्छ ।पालिकाले देहायबमोजिमका विद्यालयहरुलाई ICT ल्याब व्यवस्थापनको लागि बजेट निकासा गरेको छ । तर अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वियन गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाएको देखिदैन ।तसर्थ विद्यालयहरुले कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था बमोजिम अनुदानको उपयोग गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

| भौ नं | विधालय | अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|
| २८३।२०८१।३।१६ | श्री अन्नपूर्ण बागधान रणदीपा रा.ई मा.वि | २००००० | शैक्षिक गुणस्तर सुद्धीकरण |
| १९४।२०८१।०२।०६ | श्री धर्मोदय मा.वि | ६४९९९३ | विज्ञान प्रयोगशाला |

६३ **कार्यपत्र प्रस्तुत -**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को कार्यक्रम नं ७.१.१५ को सि.नं ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति/ प्रशिक्षकले पेश गरेको कार्यपत्र वापतको रकम भुक्तानी गर्दा तोकिएको निश्चित दरमा मात्र भुक्तानी गर्नुपर्नेमा देहायका कर्मचारीलाई देहायबमोजिमको बढी दरले भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| **भौ नं** | **प्रशिक्षक संख्या** | **कार्यपत्र संख्या** | **कार्यक्रमको नाम** | **कार्यपत्र दर** | **दिएको दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १९५।२०८१।२।११ | जनक दाहाल | ४ | व्यवसायिक बेमौसमि तालिम | ६०० | १२०० | २४०० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०० |

६४ **प्रशिक्षक भत्ता-**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को कार्यक्रम नं ७.१.१५ को सि.नं ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति/ प्रशिक्षकको पारिश्रमिक दर सम्बन्धी व्यवस्था छ । पालिकाले संघीय निर्देशिकाबाट तोकिदिएको दरमा भौगोलिक विकटताको कारण कार्यक्रम संचालन गर्न सम्भव नहुने साथै तोकिएको दरमा आवश्यक स्रोत व्यक्ति प्राप्त गर्न नसकिने भनाई राखेको छ ।यो तपशिलका कार्यक्रम संघिय सशर्त अन्तर्गतको कार्यक्रम हो र संघिय निर्देशिका बमोजिम नै संचालन गर्नुपर्ने हुन्छ । पालिकाले देहायका प्रशिक्षकलाई निर्देशिकामा तोकिएको दरभन्दा बढी हुने गरी दिएको कक्षा सञ्चालन वापतको करकट्टी पछिको रकम असुल गर्नुपर्ने रु.

| **भौ नं** | **प्रशिक्षक संख्या** | **कक्षा संख्या** | **कार्यदिन** | **कार्यक्रमको नाम** | **दिनुपर्ने दर रु.** | **दिएको दर रु.** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| १७१।२०८१।१।२१ | रत्नमाया जोगि | ६० | ६० | एडभान्स सिप विकास तालिम | १००० | १२०० | १०२०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **५,६१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **४,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

## ६५ सहभागि भत्ता-

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ मा तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी स्वीकृत भएको कार्यक्रममा तोकिएको दरमा भत्ता दिनुपर्ने व्यवस्था छ ।पालिकाले संघीय निर्देशिकाबाट तोकिदिएको दरमा भौगोलिक विकटताको कारण कार्यक्रम संचालन गर्न सम्भव नहुने साथै तोकिएको दरमा आवश्यक स्रोत व्यक्ति प्राप्त गर्न नसकिने व्यहोरा उल्लेख गरेको छ ।यो तपशिलका कार्यक्रम संघिय सशर्त अन्तर्गतको कार्यक्रम हो र संघिय निर्देशिका बमोजिम नै संचालन गर्नुपर्ने हुन्छ । तर पालिकाले देहायबमोजिमका सहभागीहरुलाई निर्देशिकामा तोकिएको दर भन्दा बढी हुने गरी दिएको सहभागिता वापतको रकम असुल गर्नुपर्ने रु.

| भौ नं | सहभागी संख्या | कार्यक्रम दिन | कार्यक्रमको नाम | दिनुपर्ने दर रु. | दिएको दर रु. | बढी दिएको दर | कार्यक्रम मिति |
|---|---|---|---|---|---|---|---|
| ७०।२०८०।९।२२ | ३३ जना | १ दिन | सामि आप्रवासन, विषयगत शाखा तथा जनप्रतिनिधिसंगकवो अन्तरकृया | ७०० | १००० | ८४१५ | |
| | ३० जना | १ दिन | | ७०० | १००० | ७६५० | २०८०।०६।२१ |
| जम्मा | | | | | | १६०६५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,०६५ |

६६ **पशु सम्बन्धी औषधी खरिद-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसमानको लगत तयार गरी जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । साथै दाखिला गरेको मालसमानहरु खपत गर्दा नामनामेसी तथा प्रयोजन स्पष्ट रुपमा उल्लेख गरी विवरण अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले सिद्धकाली पशु स्वास्थ्य उपचार केन्द्र तथा सप्लायर्सबाट देहायबमोजिमका औषधि तथा औषधीजन्य सामाग्री खरिद गरि सो मध्ये के कति औषधिहरु खर्च गरी बाँकी के कति औषधिहरु तथा सामाग्रीहरु मौज्दातमा रहेको छ सो को अभिलेख सुनिश्चित गर्नुपर्छ ।

| भौ नं | कम्पनिको नाम | सामानको नाम | परिमाण | रकम रु. |
|---|---|---|---|---|
| २९२।२०८१।३।१८ | सिद्धकाली पशु स्वास्थ्य उपचार केन्द्र तथा सप्लायर्स | N dox | ५ थान | ३००० |
| | | Molfer Gems | ४ थान | २४०० |
| | | Meloxicam | ४ भाइल | २४०० |
| | | Gentamycine | ६ भाइल | २०४० |
| | | Dexanethasone | १०० भाइल | १७०० |
| | | Oxyhetracyline injection | ५० भाइल | ६४०० |

६७ **पारिश्रमिक कर**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२१,९४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६८ **जिन्सी दाखिला**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **९२,११८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६९ **सुन्तला पकेट निरन्तरता कार्यक्रम-**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को परिच्छेद ४ मा पकेट विकास कार्यक्रमसम्बन्धी व्यवस्था छ । पालिकाले आ.व २०७९।०८० मा स्थापना भएको सुनतलाजात फलफुल पकेट विकास कार्यक्रमको निरन्तरताको लागि पुन आ.व २०८०।८१ मा बजेट प्राप्त गरेको छ । पालिकाले म्यानुअलमा भएको व्यवस्था बमोजिम ५०- ८५ प्रतिशत लागत साझेदारीमा २०८० जेष्ठ सम्म सम्पन्न गर्ने गरी दिवाबाखा बागवाणी कृषक समुह केराबारीसंग सम्झौता गरेको छ । यससम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

६९.१ - संघीय कानुन अन्तर्गत निरन्तरताको रुपमा प्राप्त गरिएको कार्यक्रम बजेट २०७९।०८० मा स्थापना भएको समुहबाट नभई नयाँ कृषक समुहबाट सञ्चालन भएको कार्य म्यानुअलमा भएको व्यवस्था विपरीत कार्य हो ।

- मिति २०८०।११।०१ गते प्रस्तावित आहवान अनुसार सुन्तला बाली पकेट सञ्चालनको लागि ७ हेक्टर भौगोलिक क्षेत्र सुनिश्चित हुनुपर्ने भनिएकोमा यस कृषक समूहले यो कार्यक्रम उपरोक्त क्षेत्रफल बराबरकै भुगोलमा सञ्चालन भए नभएको सुनिश्चित हुने सलग्न कागजातबाट देखिएन ।

६९.२

**घटी लागत साझेदारी** – परियोजना म्यानुअलको परिच्छेद ७ को उप-परिच्छेद ७.१ मा कृषि उत्पादन सामाग्री तथा साना सिँचाई पूर्वाधारहरुमा क्रमश बढिमा ५० देखि ८५ प्रतिशत सुविधा दिने प्रावधानको व्यवस्था गरिएको छ । पालिकाले देहायबमोजिमका कार्यमा लाभग्राहीले व्यहोरे नव्यहोरेको अवस्था विश्लेषण नगरी कृषक समुहलाई भुक्तानी गरिएको कार्य कानुन सम्मत भएन । तसर्थ कृषक समुहले व्यहोर्नुपर्ने अंश पुष्टी गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.

| भौ नं | सामाग्रीहरु | कुल जम्मा खर्च | पालिका भुक्तानी | कृषकले गर्ने भुक्तानी | कैफियत | बिक्री कर्ता फर्म |
|---|---|---|---|---|---|---|
| २९४।२०८१।३।१८ | आवश्यक सामाग्री खरिद | १४६८८० | ७३४४० | ७३४४० | ५० प्रतिशत अनुदान | सिंधुवा एग्रो भेट सप्लायर्स |
| | आवश्यक सामाग्री खरिद | २३००० | ११५०० | ११५०० | ५० प्रतिशत अनुदान | सिंधुवा एग्रो भेट सप्लायर्स |
| | सुन्तलाको कलमी खरिद तथा वितरण | २२५००० | ११२५०० | ११२५०० | ५० प्रतिशत अनुदान | नम्रता कृषि नर्सरी जुस फर्म |
| | सिंचाईको लागि प्लाष्टिक पाइप खरिद | ३०५४०५ | २५९५९५ | ४५८१० | ८५ प्रतिशत अनुदान | डकसेस एग्रो प्रा.लि |
| जम्मा | | | | २४३२५० | | |

| प्रमाण पेश नगरेको | २,४३,२५० |
|---|---|

६९.३ **बहाल कर असुल**-आयकर ऐन, २०५८ को दफा ८९ मा भएको व्यवस्था बमोजिम भाडा बहालमा १० प्रतिशत बहाल कर कट्टा गर्नुपर्ने व्यस्था छ । पालिकाले विभिन्न मितिमा भौ नं २९४।२०८१।३।१८ बाट विभिन्न सामानहरु ढुवानी गरेवापत कृषक समुहको अध्यक्ष श्री मेघराज आचार्यले पिताम्बर चौलागाईलाई भुक्तानी दिएको एकमुष्ट रु. ३५०००/- मा प्रचलित कानुन बमोजिम लाग्ने बहाल असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,५०० |
|---|---|

७० **पारिश्रमिक आयकर-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **४,८७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,९९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७१ **अध्ययन विदामा बढी सुविधा-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **५४,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७२ **भुक्तानी बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१३) मा चालु आर्थिक वर्षको बजेटले नखामेमा खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा आगामी वर्ष भुक्तानी दिने गरी तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणित गराई राख्ननुपर्ने व्यवस्था छ । तर पालिकाले भौ नं १९०।२०८१।२।६ बाट अ.हे.ब दिपम न्यौपानेलाई आ.व २०७९।०८० को बैशाख महिनाको २२ दिनको बाँकी तलब भुक्तानी गरेको छ । यसरी नियममा भएको व्यवस्था विपरीत दिएको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३५,५९० |

७३ **औषधि खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयासम्मको औषधिजन्य मालसमान उत्पाकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग रु ३५८२२४४/- को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ।यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

| भौ नं | बजेट उपशिर्षक | आपुर्तक | खरिद रकम रु. |
|---|---|---|---|
| ४९।२०८०।८।१७ | सशर्त चालु | यशोदा फर्मा ट्रेडर्स प्रा.लि बिराटनगर | ६२४५१८ |
| २८।२०८०।६।३० | पालिका चालु | मुठी इन्टरप्राइजेज धापासी | ९९९१७० |
| १२१।२०८०।११।१७ | सशर्त चालु | मुठी इन्टरप्राइजेज धापासी | ३५७४८३ |
| २२४।२०८०।११।१७ | पालिका चालु | यति हिमालायन सर्जिकल प्रा.लि काठ्माण्डौ | ९२४८०३ |
| ४४३।२०८१।०२।३२ | पालिका चालु | आयाशं सर्जिमेड प्रा.लि | ६७६२७० |
| जम्मा | | | ३५८२२४४ |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयासम्मको औषधिजन्य मालसमान उत्पाकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग रु ३५८२२४४/- को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ।यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

| भौ नं | बजेट उपशिर्षक | आपुर्तक | खरिद रकम रु. |
|---|---|---|---|
| ४९।२०८०।८।१७ | सशर्त चालु | यशोदा फर्मा ट्रेडर्स प्रा.लि बिराटनगर | ६२४५१८ |
| २८।२०८०।६।३० | पालिका चालु | मुठी इन्टरप्राइजेज धापासी | ९९९१७० |
| १२१।२०८०।११।१७ | सशर्त चालु | मुठी इन्टरप्राइजेज धापासी | ३५७४८३ |
| २२४।२०८०।११।१७ | पालिका चालु | यति हिमालायन सर्जिकल प्रा.लि काठ्माण्डौ | ९२४८०३ |
| ४४३।२०८१।०२।३२ | पालिका चालु | आयाशं सर्जिमेड प्रा.लि | ६७६२७० |
| जम्मा | | | ३५८२२४४ |

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(२) मा भएको व्यवस्था बमोजिम पालिकाले औषधी खरिदको लागि वास्तविक लागत, स्थानीय बजार तथा अन्य बजारको प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार खरिद कार्य अगाडि बढाउनुपर्नेमा कोटेशन माग गरि सारभुत रुपमा कम दररेट पेश गरेको संग औषधी खरिद गरेको देखियो । यसरी प्रकाशित दरको आधारमा लागत अनुमान तयार नगरी कोटेशनमार्फत गरिएको खरिद कार्यमा उचित प्रतिष्पर्धाको प्रवर्द्धन हुन सकेन ।यसमा पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

- खुल्ला बोलपत्रबाट औषधि खरिद गर्दा छुटको प्रतिशत बढने तथा खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धाको प्रवर्द्धन हुने हुँदा पालिकाले विपदबाहेकको अवस्थामा बोलपत्रबाट खरिद गर्नुपर्ने साथै आपूर्ति हुने अधिकाँस औषधी तथा औषधिजन्य सामाग्रीमा म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण तथा म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने आदि विवरण खुलाउनुपर्नेमा सबै विवरण खुलाएको देखिएन । साथै चालु आर्थिक वर्षमा औषधीको प्रयोग र मौज्दातको अवस्था के कस्तो छ सो सम्बन्धमा यकिन भएन ।

- पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति-व्यवस्थापन गर्नु पर्दछ । तर सो अनुसार पालिकाले व्यवस्थापन गरेको देखिदैन ।

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ सर्टिफाइड हुनुपर्ने साथै सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समेत समावेश नभएको

- औषधिको जिन्सी सफ्टवेयरमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

- औषधिको खर्च घटाउँदा मागफाराको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको

- तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अधावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी खभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

- भौ नं ४९।२०८०।८।१७ मा मिति २०८०।०४।१८ गते कोटेशनबाट औषधि खरिद गर्ने गरी प्रकाशित भएको सुचनाको ७ दिनभित्र कोटेशनमा सहभागि हुने व्यहोरा उल्लेख भएकोमा मिति २०८०।०५।७ गते मात्र यशोदा फार्मा ट्रेडर्स बिराटनगर, लक्ष्मीश्री फार्मेशी बिराटनगर र गुगल फर्मा बिराटनगर कार्यालयमा दर्ता भई घटी लागत दर पेश गरेको यशोदा फार्मासंग कुल रु ६२४५१८/- को औषधी खरिद गर्ने गरी सम्झौता भएको छ । यसरी तोकिएको मिति भन्दा फरक मितिमा प्राप्त भएको कोटेशनलाई मुल्याकन गरी खरिद गरिएको कार्य ठिक भएन । यस तर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

- म्याद समाप्त भएको औषधि- औषिधको जिन्सी व्यवस्थापन गर्ने सफ्टवेयर (ELMIS) मा ७०६ गोटा औषधि expired भएको व्यहोरा देखाइरहेको हुँदा ति औषधि कति किसिमका हुन साथै ति औषधिको प्राप्ति स्रोत के हो भन्ने सम्बन्धमा स्वास्थ्य संयोजकसंग सोध्दा औषधिको निकासी भइसकेको तर प्रणालीबाट निकासा हुन बाँकी रहेको हुँदा यस्तो देखिएको हो । तसर्थ सिस्टममा आम्दानी बाँधिएको औषधि खर्च लेख्दा सिस्टमबाटै खर्च लेख्नुपर्दछ ।पालिकाले अनुगमन गरी सिस्टम र स्टोर मौज्दातको संख्यामा तादम्यता कायम गर्नुपर्दछ ।साथै म्याद गुज्रेका औषधिलाई चालु मौज्दातबाट छुटाई सुरक्षित ठाउँमा विस्तापित गर्नुपर्छ ।

७४ **आमा सुरक्षा,गर्भवती रक्तसञ्चार तथा उत्प्रेरणा सेवा-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **४८,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५ **सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम-**

स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलाप सम्बन्धी मार्गदर्शन २०८० कृयाकलाप ३.२ मा जोखिम समुदाय तथा स्वास्थ्य सेवाको पहुँच नभएका समूह पहिचानको स्वयंमसेवकहरुबाट नियमित घरदैलोमा पहिचान भएका सम्भावित क्षयरोगका बिरामीहरुको रेफर कार्यमा संलग्न हुनेलाई आर्थिक नियमावली बमोजिम यातायात खर्च दिने, त्यस्तै क्यम्प संचालन हुने दिनमा परिचालन गरिएका स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको प्रचलित दै.भ्र भत्ता दिने व्यस्था छ । तर पालिकाले यो कार्यक्रमको लागि स्वीकृत गरेको लागत अनुमानमा बजेटको बिनियोजन दै.भ्र.भत्ता, खाजा खर्च, मसलन्द तथा सहभागि भत्ता समेतको आधारमा कार्यक्रम स्वीकृत गरेको देखिन्छ । यसरी उपरोक्त मार्गदर्शनमा उल्लेख नभएको सहभागि भत्ता समेतलाई समावेश गरी कार्यक्रम चलाएको हुनाले भौ नं २५५।२०८१।३।११ बाट देहायका विभिन्न स्वास्थ्यकर्मीहरुलाई दिएको रकम नियमसम्मत नदेखिएको रु.

| भौ नं | स्वास्थ्यकर्मीको नाम | कार्य दिन | भत्ता दर | रकम | मिति |
|---|---|---|---|---|---|
| २५५।२०८१।३।११ | हे.अ.प्रकाश गुरुङ | १ | ७०० | ७०० | २०८०।१२।२० |
| | अ.हे.ब. अनिशा राई | १ | ७०० | ७०० | |
| | अ.न.मि प्रिन्सिला राई | १ | ७०० | ७०० | |
| | का.स शान्ता देवी | १ | १५० | १५० | |
| | सि.अ.भानुभक्त कुयल | १ | ७०० | ७०० | |
| | हे.अ.प्रेम कुमार शेर्पा | १ | ७०० | ७०० | |
| | अ.हे.ब मिनादेवी राई | १ | ७०० | ७०० | |
| | अ.न.मी अञ्जु शाक्य | १ | ७०० | ७०० | |
| | अ.हे.ब प्रकाश थापा | १ | ७०० | ७०० | २०८०।१२।२३ |
| | हे.अ.पुष्पराज भुजेल | १ | ७०० | ७०० | |
| | अ.हे.ब भुवन पराजुली | १ | ७०० | ७०० | |
| | अ.न.मी ममता पराजुली | १ | ७०० | ७०० | |
| | अ.न.मी ममता राई | १ | ७०० | ७०० | |
| | अ.न.मी पवित्रा राई | १ | ७०० | ७०० | |
| | CRF साधादेवी राई | १ | ७०० | ७०० | |
| | का.स राजन खडका | १ | ७०० | ७०० | |
| | अ.हे.व राज कुमार कार्की | १ | ७०० | ७०० | २०८०।१२।२५ |
| | अ.न.मि सुशिला कुमारी महतो | १ | ७०० | ७०० | |
| | अ.हे.व घनश्याम श्रेष्ठ | १ | ७०० | ७०० | |
| | का.स युनिश राई | १ | १५० | १५० | |
| जम्मा | | | | १२९०० | |

| | |
|---|---|
| अनियमित भएको | १२,९०० |

७६ **गर्भपतन भत्ता** -

मातृ सुरक्षा नवजात शिशु स्याहार सम्बन्धी निर्देशिका, २०७८ मा सुरक्षित गर्भपतन सम्बन्धी व्यवस्था छ ।सुरक्षित गर्भपतन सेवाप्रदान गर्ने स्वास्थ्य संस्थालाई प्रति गर्भपतन वापत रु ८०० को दरले भुक्तानी दिने समेत व्यवस्था छ । पालिकाले देहायबमोजिमको स्वास्थ्य संस्थाबाट प्राप्त विवरणको आधारमा सुरक्षित गर्भपतन गराएकाहरुलाई दिने गरी स्वास्थ्य संस्थाको नाममा भत्ता प्रदान गरेको देखिन्छ । तर ती स्वास्थ्य संस्थाले सम्बन्धित सेवाग्राहीलाई उपरोक्त रकम भुक्तानी गरेको प्रमाण पेश भएको देखिदैन । तसर्थ पुष्टयाई हुने प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं | स्वास्थ्य संस्था | गर्भपतन सेवा शुल्क भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| २४८।२०८१।३।७ | स्वास्थ्य चौकी तिम्मा | १२८०० | सेवाग्राही संख्यालाई खुलाई निजले प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने |
| | स्वास्थ्य चौकी अन्नपुर्ण | १८८०० | |
| | स्वास्थ्य चौकी छिनामुरक | ३२०० | |
| | **जम्मा** | **३४८००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,८०० |

७७ **न्यानो झोला-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेको ८ बर्थिङ सेन्टरको लागि आ.व २०७९।०८० मा के कति थान न्यानो झोला खरिद गरिएको थियो र ति मध्ये के कति खर्च भई के कति मौज्दातमा संचित थियो सो बारे विवरण प्राप्त भएन ।पालिकाले आ. व २०८०।८१ मा भौ नं १२२।२०८०।११।३० बाट कोटेशन मार्फत भेडिसर्ज ट्रेडर्स बिराटनगरबाट कुल रु २२३९९९/- ( मु.अ.कर समेत) मा २५० थान न्यानो झोला खरिद गरेको छ । आ.व २०८०।०८१ मा ८७ जना महिलाले प्रसुती गराई ८७ .थान न्यानो झोला लिएतापनि उक्त झोला गत विगतकै आर्थिक वर्षमा खरिद गरिएको मौजदातबाट खर्च गरिएको तथा आ.व २०८०।०८१ मा खरिद गरिएको पुरै न्यानो झोला स्टोरमै सञ्चित रहेको देखियो । यसरी प्रत्येक वर्षको अन्तयमा खपत नभई बाँकी रहेको संख्यालाई नयाँ आर्थिक वर्षमा आम्दानी जनाई अध्यावधिक विवरणको अभिलेख राख्नुपर्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७८ **गर्भवती रेफर कार्यक्रम-**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा सशर्त निश्चित प्रयोजनका लागि कार्य वा शर्त तोकी एक सरकारबाट अर्को सरकारलाई प्रदानगर्ने शर्त सहितको चालु अनुदान बापतको रकमको रुपमा सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । पालिकाबाट ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत गर्भवती रेफर कार्यक्रमको लागि देहायबमोजिमको स्वास्थ्य चौकीहरुलाई प्रति बिरामी रेफरबापत रु. २६००/- को दरले रकम भुक्तानी भएको छ । यसरी शर्त तोकी प्राप्त भएको बजेटको खर्च गर्दा निश्चित मापदण्ड र कार्यविधि अनुरुप गर्नुपर्छ । पालिकाले प्रति बिरामीबापत रु. २६००/- को दरले गरेको भुक्तानीको मापदण्ड स्पष्ट गरेको छैन । तसर्थ यसमा हुने खर्च नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | स्वास्थ्य संस्था | बिरामी संख्या | भुक्तानी दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी सावाँ | १ | २६०० | २६०० |
| २ | स्वास्थ्य चौकी कोट | ३ | २६०० | ७८०० |
| ३ | स्वास्थ्य चौकी लेखर्क | ४ | २६०० | १०४०० |
| ४ | जम्मा | | | १९००० |

| | |
|---|---|
| अनियमित भएको | १९,००० |

७९ **दरबन्दी र पदपूर्ती-**

पालिकामा कुल ५३ स्वीकृत दरबन्दी भएकोमा १७ स्थायी र ४६ जना करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । करार सेवा मार्फत पदपूर्ती गरेका पदहरु हालसम्म लोक सेवा आयोगमा माग पठाएको देखिएन । तसर्थ प्रचलित कानून बमोजिम लोक सेवा आयोग मार्फत स्थायी पदपूर्ती गरी सेवा प्रवाह गर्ने गर्फ ध्यान दिनुपर्दछ ।

८० **मालसामानको परीक्षण र स्वकृति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण र परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ । पालिकाले यस बर्ष सिलबन्दी दरभाउपत्र कोटेशन र क्याटलक विधिबाट खरिद गरेको निम्न मालसामानको स्पेसिफिकेशन परीक्षण र स्वीकृति विना निम्नानुसारको मालसामान खरिद गरिएको छ । पालिकाले कानुनमा भएको व्यवस्था बमोजिम मालसामानको प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजम भए नभएको परीक्षण र स्वीकृत गरी मालसामान खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं. | आपुर्तिकर्ता | आपूर्ति भएको सामान | रकम | कैफियत |
|---|---|---|---|---|
| १५।०८०।९।१७ | मनाकमना अटो मोवायल्स | मोटरसाइकल | १४७५००० | स्पेशिफिकेशन प्राविधिक बाट प्रमाणित नभएको |
| १५१।०८१।२।४ | एम.ए.डब्लु अर्थ मुभर प्रा.लि. | व्याकहो लोडर | ५७२५००० | स्पेशिफिकेशन प्राविधिक बाट प्रमाणित नभएको |
| ६१।०८०।११।१७ | अल्फा विटा इन्जिनियरिङ्ग प्रा.लि. | टोटल स्टेशन डिजिटल अल्टिमिटर र डिजिटल अर्थ मेजरिङ्ग | ७६७९०८ | स्पेशिफिकेशन प्राविधिक बाट प्रमाणित नभएको |

८१ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४१५३६६३९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८२ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | **१००% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ६१४ | १०१ | ४ | २४ | ३९ | ४४६ |

८३ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमूलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने

व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार २५१ वटा वडा तथा पालिकास्तरीय योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय र वडास्तरीय | २५१ | १६ | ३८ | १९७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनामध्ये २५१ योजनामात्र कार्यान्वियन भई २३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

८४ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ३४।०८०।१०।३ | सकेवा मैदान निर्माण खम्बुखा उपभोक्ता समिति | सकेवा मैदान निर्माण | १३९८३५ | डोजर | १६८९३५ |
| ३६।०८०।१०।७ | वडा स्तरीय सडक सोरसार तथा स्तरोन्नती उपभोक्त समिति | वडा स्तरीय सडक सोरसार तथा स्तरोन्नती | २८८७४४ | डोजर | ३४१३१६ |
| ४१।०८०।१०।१० | मुख्य सडक सोरसार उपभोक्ता समिति | मुख्य सडक सोरसार | २८८६६० | डोजर | ३३२३८९ |
| ७४।०८०।१२।७ | विचटोल आगे डड्डुवा सडक मैदान बाटो मर्मत उपभोक्त समिति | विचटोल आगे डड्डुवा सडक मैदान बाटो मर्मत | १२२४५० | डोजर | १५०३५० |
| १०५।०८०।१२।३० | रिमचिम छिमालुङ सडक स्तरोन्नती उपभोक्ता समिति | रिमचिम छिमालुङ सडक स्तरोन्नती | २८४२४५ | डोजर | ३३०९९९ |
| ११७।०८१।१।२० | वाकछेन सन्तपुर सडक विस्तार कोट उपभोक्ता समिति | वाकछेन सन्तपुर सडक विस्तार कोट | २४२३१५ | डोजर | २९२५३० |
| १२२।०८१।१।२३ | खुगे टोल सडक विस्तार उपभोक्ता समिति | खुगे टोल सडक विस्तार | ४२९९०७ | डोजर | ५०१५२५ |

८५ **लागत सहभागीता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

८६ **चिस्यान केन्द्र भवन निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ को उपनियम ३ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई हटाउनुपर्ने संरचना नहटाइ मूआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सो को लागि बजेट सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिबेदन स्वीकृत गराइ बोलपत्र गर्न नहुने उल्लेख भएकोले सार्वजनिक निकायबाट गर्ने काम सार्वजनिक हितको लागि हुनुपर्ने हुनाले निर्माण काम सार्वजनिक जग्गामा सबैको पहुँच पुग्ने स्थानमा गर्नुपर्ने बाध्यकारी ब्यवस्था रहेको छ । पालिकाले ठेक्का नं.**09/BHO/TRM/BLD/SQ/080/81** चिस्यान केन्द्र भवन निर्माणको कार्यको लागत अनुमान रु.१४५३९४१.५१ तयार भएकोमा न्युनतम कबोल गर्ने निर्माण व्यवसायीसँग मिति २०८१।३।२० भित्र सम्पन्न गर्ने गरी मिति २०८१।१।२५ मा रु.११२९९६३.८५ को पालिका र निर्माण व्यवसायी भिषणहाङ कन्सट्रक्शन प्रा.लि. वीच सम्झौता भएको देखिन्छ । पालिकाले गो.भौ.नं. ४१।२०८१।३।२३ बाट रु.१०९८४५० भुक्तानी गरेको पाइयो । गाउँपालिकाबाट मिति २०८०।१२।६ गते दुग्ध तथा दुग्धजन्य पदार्थहरुको उत्पादन गर्ने सहकारी संस्थाहरुलाई प्राथमिकतामा राखी दुग्ध तथा दुग्धजन्य पदार्थहरुको सुरक्षीत भण्डारण तथा वितरण गर्ने कार्यका लागि प्रस्ताव आह्वान भएकोमा यस गाउँपालिकाको वडा नं. ८ मा रहेको गोगने दुग्ध उत्पादक सहकारी संस्थाले मात्र निर्धारित मितिमा प्रास्ताव पेश गरेकोले उक्त सहकारी संस्थको प्रस्ताव स्वीकृत गरी सहकारीको नाममा वडा नं. ४ को चखेवा भएको जग्गामा पूर्वाधार संरचना निर्माण गर्ने निर्णय गरेको पाइयो । सो निर्णय बमोजिम सहकारीको नाममा रहको जम्गगामा चिस्यान केन्द्र निर्माण पश्चात संचालन तथा चिस्यान केन्द्रबाट प्राप्त हुने आम्दानीको सम्बन्धमा स्पष्ट लक्ष्य तथा उदेश्य एवम् कार्ययोजना बिना पालिकाले प्रचलित कानून बमोजिम सार्वजनिक चिस्यान केन्द्र सहकारीको जग्गामा बनाई यस वर्ष रु.१०९८४५० चिस्यान केन्द्र निर्माणमा खर्च गरेको छ । यसरी कानूनको परिपालना गरेको नपाइएकोले सो जग्गा पालिकाको नाममा हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १०,९८,४५० |

८७ **पेश्की जोखिम** (3-२०७८-३-२३):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) मा पेश्की दिदा वाणिज्य बैङ्कको जमानत पेश गर्नु पर्ने र वैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ । एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत टेम्केमैयुङ गाउँपालिकामा निर्माणाधिन १५ शैयाको आधारभूत अस्पताल निर्माणका लागि आर्थिक बर्ष २०७७।७८ मा 22/BHO/TRM/BLD/077/78 ठेक्का सम्झौता भएको देखिन्छ । पालिकाले रु १८०१३०७२५।०९ को लागत अनुमान तयार गरी २०८०।३।२५ मा सम्पन्न गर्नेगरी निर्माण व्यवसायी भूमि हिमालयन जे.भि. सँग रु.११५५६८८३७।५१ मा सम्झौता भएको देखिन्छ । भौचर नम्बर ३।०७८।३।२३ बाट पालिकाले १५ शैया आधारभूत अस्पताल निर्माण कार्यका निर्माण व्यवसायी भूमि हिमालयन जे.भि. लाई अग्रिम भुक्तानी स्वरुप रु.१,००,००,००० प्रदान गरेकोमा ठेक्काको म्याद समाप्त भई सक्दा पनि उक्त अग्रिम भुक्तानी फर्स्यौट भएको देखिएन । उक्त ठेक्काको म्याद थप नभएको र निर्माण कार्यको भौतिक प्रगती ८ प्रतिशत प्रतिशत रहेको तथा निर्माण व्यवसायी सम्पर्कमा नरहेको पालिकाले जनाएको छ । निर्माण व्यवसायीले पेश्की जमानत वापत नविल वैङ्क लिमिटेडको APG22GTH9NPR0009032 रु.१०००००००० को २०८०।४।३२ सम्म म्याद रहेको जमानत रहेको । जमानतको म्याद समाप्त भएकाले जोखिममा रहेको पेश्की रकम सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम जरिवाना समेत असुल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १,००,००,००० |

८८ **विद्यालय भौतिक पूर्वाधार निर्माण**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । विद्यालयले ठेक्का नं. **01/TRM/ABRR/BLD/080/81** नमुना विद्यालय निर्माण सम्बन्धी ठेक्का रु.९६०२९५६.४७ मा मिति २०८०।३।१५ सम्म सम्पन्न गर्ने गरी भिषणहाङ कन्सट्रक्शन प्रा.लि. सँग सम्झौता भएको देखिन्छ । पालिकाले निर्माण कार्य सम्पन्न तथा प्राविधिक मुल्याङ्कनको आधारमा रकम निकासा रु.९४६६७०६.६६ गरेकोमा लागत अनुमान र वि.ओ.क्यु मा भएको पि.एस. आइटम वीमा रु.२५००० र ल्याव टेष्ट रु.३०००० को विल पेश नभएकोले उक्त रकम निकासा गरेको देखिएन । ठेक्कामा प्रयोग हुने निर्माण सामाग्रीहरु रड सिमेन्ट गिट्टी बालुवा ढुङ्गा जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण नहुँदा गूणस्तरमा आस्वस्त नहुने भएकोले सार्वजनिक खरिद ऐन तथा सम्झौता बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ ।

## ८९ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ९० सुरक्षित नागरिक आवास कार्यक्रम

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ अनुसार अनुदान उपलव्ध गराउदा पालिकाले स्थानीय तह संग सम्झौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराउने र निर्माण कार्य सम्पन्न भए पस्चात स्थानिय तहको प्रविधिकवाट अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था गरेको छ। प्रथम किस्ता वापत १२३ परिवारलाई रु.४५००० का दरले रु.५५३५००० प्रथम किस्ता वापत उपलव्ध गराएकोमा लाभग्राहीको आवास निर्माण गराई अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन तयार गरेको पाइएन । गत पालिकाले कार्यविधिमा भएको व्यवस्था बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,३५,००० |

## ९१ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|
| 22/BHO/TRM/BLD/077/78 | भूमि हिमालयन जे.भी | ११५५६८८३७.३७ | २०७८।०३।२२ | नभएको | पटक पटक म्याद थप र कार्य सम्पन्न गर्न पालिकाले पत्र पठाएकोमा निर्माण व्यवसायीबाट जवाफ नआएको |

९२ **गोगने खोला मोटरयवल पुल**

गोगने खोला मोटरेबल पुल निर्माण कार्यको लागी रु.३१३३९५८०।२५ को लागत अनुमान तयार भई एकमात्र बोलपत्रदाता श्री यु.डि. विल्डर्सको रु.३१३१८३१८।५० को कबोल अंक स्वीकृत गरी मिति २०८१।०६।१५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७९।१२।३ मा खरिद सम्झौता सम्पन्न गरेको छ । जस सम्बन्धमा देखिएका ब्यहोरा देहाय बमोजिम रहेको छः

· निर्माण कार्यको कार्यसम्पन्न गर्नु पर्ने मिति २०८१।६।१५ भएतापनि करिब ५ महिना अगावै मिति २०८१।०१।१८ मा कार्यसम्पन्न भएको छ ।

· उक्त निर्माण कार्यको लागी शुरुमा बीमाको Provisional Sum मा १७७७०२। रकम ब्यवस्था गरेकोमा भेरिएशनबाट रु.१९०२७२।५७ थप गरी कुल रु. २९७९७४।५७ भुक्तानी दिएको छ । यसरी गरिएको बीमामा Volcanism Tsunami Storm Cyclone जस्ता जोखिम क्षेत्र उल्लेख भएको छ । यसरी निर्माण क्षेत्रमा हुन सक्ने सम्भावित जोखिम क्षेत्र भन्दा बाहिरी जोखिम क्षेत्रलाई बीमाको क्षेत्र निर्धारण गरिएका कारण थप ब्ययभार परेको रकम सम्बन्धित निर्माण ब्यवसायीबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९०,२७२ |

९३ **प्रदेश समपुरक अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१९८,४६१.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९४ **प्रदेश समपुरक अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **१९८,६४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९५ **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वियन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड सिमेन्ट गिट्टी बालुवा ढुङ्गा जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण साना ठुला ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

९६ **वीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल

वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | सम्झौता रकम | विओक्यू मा वीमा रकम |
|---|---|---|---|
| 04/BMO/TRM/BLD/2080/81 | एम डि कन्सट्रक्शन | ४५३४८५४.३४ | ४०००० |
| 01/TRM/ABBR/BLD/2080/81 | भिषणहाङ कन्सट्रक्शन प्रा.लि. | ९६०२९५६.४७ | २५००० |
| 02/BHO/TRM/ROAD/080/81 | अनलाईट विल्डर्स प्रा.लि. | ५६१३२३३ | २०००० |
| 03/BHO/TRM/ROAD/080/81 | अनलाईट विल्डर्स प्रा.लि. | ४०९२३०२ | २०००० |

९७ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

९८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.१० देखि ३९.२५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | पर्यटन सुचना केन्द्र भवन निर्माण | ०४।०८०।८१ | एम.डि. कन्सट्रक्शन | ७४६८६३६ | ४५३४८५४ | ३९.२५ |
| २ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | ०६।०८०।८१ | श्री रोजवड कन्सट्रक्शन प्रा.लि. | १९३९१६६ | १९३७२०० | ०.१० |
| ३ | चिस्यान केन्द्र निर्माण | ०९।०८०।८१ | भिषणहाङ कन्सट्रक्शन प्रा.लि. | १४५३९४२ | ११२९९६४ | २२.२८ |
| ४ | केराबारी सन्तपुर खाल्डे सडक निर्माण | ०८।०८०।८१ | जलजले निर्माण सेवा | ३२७५८९८ | २०४९६१७ | ३३.३६ |
| ५ | हुगे पुचछर चोक्ला देखि चखेवा सडक निर्माण | ०७।०८०।८१ | जलजले निर्माण सेवा | ३९६३९५० | २६९१६३४ | ३२.१० |

९९ **एडभान्स सिप विकास तालिम-**

गरिबी निवारणको लागि लघु उधम विकास कार्यक्रम संचालन कार्यविधि, २०७८ को बुँदा नं ३३ मा आवश्यकताको पहिचानको आधारमा एडभान्स तालिम दिने, उपयुक्त प्रविधिको पहिचान गरी उधमीलाई कार्यक्रमको तर्फबाट बढीमा ८० प्रतिशत र उधमीको तर्फबाट कम्तिमा २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने र उत्पादित वस्तुको ब्राण्डिङ, प्याकेजिङ्ग, पेटेन्ट, डिजाइन

र ट्रेडमार्क दर्ता, बजार मेला, प्रदर्शनीमा सहभागिता तथा सफल उधमको स्थलगत अवलोकन भ्रमण आदि कार्य गर्ने व्यवस्था छ । पालिकाले भौ नं १७१।२०८०।०१।२१ बाट विभिन्न ११ जना प्रशिक्षार्थीहरुलाई ६० दिनको तालिम मिति २०८०।११।१६ देखि १।१६ सम्म सहभागि गराई गरी कुल रु २२२७२०/- को बजेट खर्च गरेको छ । यसरी कार्यविधिमा उल्लेख भए बमोजिम एडभान्स तालिम लिनुभन्दा पहिला प्रविधि वितरण गर्न नहुनेमा आ. व २०७९।०८० मा नै प्रविधि हस्तान्तरण गरेको छ । उपरोक्त तालिम लिएका प्रशिक्षार्थीहरुको सिपलाई बजारीकरण गर्नमा पालिकाले आवश्यक सहयोग गर्नुपर्छ ।

१०० **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

१००.१ **कार्यक्रमको दिगोपना-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । पालिका अन्तर्गत ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत १०० दिनले ७८०० दिन रोजगारी उपलव्ध गराई रु ५२१०४००/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१००.२ श्रमिकको छनौटको मापदण्ड- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम श्रममा खटाइने श्रमिक बेरोजगार सुचिमा दर्ता भएको हुनुपर्छ ।दर्ता भएको सुचिकृतहरु मध्ये श्रमिकहरुबाट प्राथमिकताको आधारमा रोजागार दिई निजहरुको जिवनस्तरमा सुधार ल्याउनुपर्छ ।पालिकाको भनाई बमोजिम बेरोजगार सुचिमा नाम दर्ता भएकाहरु मध्ये आ. व २०८०।०८१ मा ७८ जना श्रमिक खटाई काम गराएको छ । यसरी श्रमिक छनौट गर्दा निश्चित प्राथमिकताको सुचक केलाई आधार मानियो सो सम्बन्धमा केहि उल्लेख भएको देखिएन ।

१०१ **भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

· भ्रमण सम्वन्धित पालिकाका वडाहरुवाट पालिका केन्द्र तोकि भुक्तानि लिने गरेको ।

· पालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

· स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

· कतिपय भ्रमण आदेशहरुमा भ्रमण गर्ने स्थान नतोकिएको तथा कतिपय भ्रमण बीलका आधारमा समेत भुक्तानि गरेको देखिएको ।

· पालिकाभन्दा बाहिरका कर्मचारीहरुको भ्रमण आदेशमा पालिकाले भुक्तानि गर्ने स्पष्ट आधार उल्लेख नगरिएको साथै फोटोकपी भ्रमण आदेशका आधारमा भुक्तानि गरिएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१०२ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१०३ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ९ वटा वडाका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न चार त्रैमासिकको जम्मा रु.९२६१३२४९ निकासा भई लेखापरीक्षणको अवधिसम्म जम्मा खर्च रु.९२६१३२४९ वितरण भएकोमा देखिएका व्यहोरा निम्न छन्:

१०३.१ लगत कट्टा - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि ,२०७७ को दफा ११ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा,एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सुचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । तर पालिकाले समयमा नै सबै लाभग्राहीहरुको लगत कट्टा गरी तथ्याङ्क अध्यावधिक गरेको देखिएन । अत गाउँपालिकाले समयमा नै लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी बनाउनु पर्दछ ।

१०३.२ पारदर्शीता कायम - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि ,२०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शीता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

१०३.३ अनुगमन तथा निरीक्षण - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निरिक्षण तथा अनुगमन गरी समयमा नै लाभग्राहीको खातामा रकम जम्मा गर्न लगाई फिर्ता गर्नुपर्ने रकम समयमा नै फिर्ता गर्नुपर्नेमा सो गरेको पाइएन । यसले गर्दा लाभग्राहीको खातामा लामो समयमम अतः यस्तो कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

१०४ **नक्सा पास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष गाउँपालिकामा १ वटा मात्र नक्सा पाससम्बन्धि काम भएको देखिन्छ । त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

## १०५ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | ०.०० | ८३१२.०५ | |
| भूमि मालपोत | १३२८५०० | १४४०२५८.५० | १०८ |
| वहाल कर | १४४३७५. | २७३०४४.१५ | १८९ |
| वहाल विटौरी कर | ०.०० | १८४३०. | |
| व्यवसायले भुक्तानी गर्ने | १६८७३५. | ६६०००. | ३९ |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ८४०००. | २२२३९०. | २६५ |
| अखेटोपहारमा लाग्ने कर | ४२०००. | ९०००. | २१ |
| अन्य कर | ७९७२६५. | ६७९०३९.५५ | ८५ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ०.०० | ८३८५०. | |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | ०.०० | ७५५०. | |
| पर्यटन शुल्क | ०.०० | २६५०. | |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.०० | १८२१००. | |
| अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ५००.०० | |
| अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | १४२४३.२१ | |
| न्यायिक दस्तूर | ११५५०. | ३००.०० | ३ |
| शिक्षा क्षेत्रको आम्दानी | ५७७५०. | १५०५००. | २६१ |
| परीक्षा शुल्क | ०.०० | ४०१००. | |
| अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | १२६०००. | |
| नक्सापास दस्तुर | ५००००. | १४२०५. | २८ |
| सिफारिश दस्तुर | ४६२०००. | ११८४७४७.९६ | २५६ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २८८७५०. | २८२७५७.३६ | ९८ |
| नाता प्रमाणित दस्तुर | १७३२५०. | १३४५००. | ७८ |
| अन्य दस्तुर | ४६०८४५. | ४५७९६१.०३ | ९९ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ४६००. | |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | ४४५६४०.६५ | |
| अन्य क्षेत्रको आय | ५२५०. | ४७६५८३३.२५ | ९०७७८ |
| अन्य राजस्व | ०.०० | ५९२००. | |
| | | | |

| | | | |
|---|---|---|---|
| व्यवसाय कर | १३८६००. | ८३१००. | ६० |
| जम्मा | ४२१२८७० | १०७५६८१२.७१ | २५३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१०६ **अभिलेख**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१०७ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१५३७०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१०८ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

१०९ **गिटी ढुंगा र वालुवा**

गिटी ढुंगावालुवा संकलन तथा बिक्री कार्यको लागी २०८०।०५।०१ मा सुचना प्रकाशन गरी श्री जलजले निर्माण सेवाको रु.११०११८५ को कबोल अंक स्वीकृत गरि मिति २०८०।०६।१६ मा सम्झौता सम्पन्न भएको छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहायबमोजिम रहेको छः

१०९.१ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित गिटी ढुंगा बालुवाको परिमाणलाई आधार लिएर स्रोत अनुमान गर्नु पर्नेमा सो बमोजिम भएको पाईएन । उक्त प्रतिवेदन बमोजिम विभिन्न १२ वटा खोलाको ३५३९६ घ.मि. उत्खनन् गर्न मिल्ने परिमाण रहेकोमा ४२१५ घ.मि. को मात्र अनुमान तयार गरेको पाइयो ।यसरी प्रतिवेदनमा तोकिएको भन्दा कम ३११८१ घ.मि. अनुमान गरेकोमा कुनै बस्तुनिष्ठ कारण उल्लेख भएको छैन । जसबाट ३११८१ घ.मि. को २४७.२१ का दरले रु.७७०८२५५ रकमको आन्तरिक आयमा कमी भएको देखिन्छ । तसर्थ पालिकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको गिटी ढुंगा बालुवाको उत्खनन् क्षमता अनुसार ठेक्का लगाई आन्तरिक राजस्वमा वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०९.२ राजस्व बाँडफाँटः

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **४४०,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरुजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | नाफामुलक संस्थालाई अनुदानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाको नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । दिल्पा वचत तथा ऋण सहकारी संस्था लि नाफामुलक सहकारी सस्थालाई ऐन तथा कानुन विपरित नगद अनुदान भुक्तानी भएको नियम सम्मत नदेखिएको रु. | १,४८,७७० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ट्याम्केमैयुङ गाउँपालिका, भोजपुर , टेम्केमैयुङ गाउँपालिका , भोजपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सन्दिप न्यौपाने | २०८०-४-१ | २०८०-९-३ |
| कार्यालय प्रमुख | विकेन पौडेल | २०८०-९-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अर्जुन जंग बस्नेत | २०८०-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५९९,६३८.७२ | ५,९१७,१८६ | ९,५९७,८९२.२ | ० | ० | १०,०००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २६,११४,७१६.९२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २,३३१,०२५.९२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १४८,७७० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २३,९३२,४६१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६६२४५८७४.१२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८४४२१७९५ | चालु खर्च | ३१६३४१४४९.४८ |
| प्रदेश सरकारबाट अनुदान | २२६६१६५५ | पूँजीगत खर्च | १४१५३६६३९ |
| राजश्व बाँडफाँट | ७३७५५१६३.५८ | वित्तीय/अन्य व्यवस्था | १५०२२८६६२.८५ |
| आन्तरिक आय | १०४४२०२३.९ | | |
| अन्य आय | १०३३५३१५७.२५ | | |
| कुल आय | ५९४६३३७९४.७३ | कुल खर्च | ६०८१०६७५१.३३ |
| बाँकी मौज्दात | | ५२७७२९१७.५२ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकिकृत आर्थिक विवरण

| एकिकृत आर्थिक विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न. | आयतर्फ | | | सि.न. | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गतवर्षको जिम्मेवारी (संचित कोष) | | ४३९३४४७६ | १ | विनियोजन खर्च | | ४५७८७८०८८ |
| | क) नगद | | | | क)चालु खर्च | ३१६३४१४४९ | |
| | ख) बैक | ४३९३४४७६ | | | ख)पूंजीगत खर्च | १४१५३६६३९ | |
| २ | राजश्व (आन्तरिक आम्दानी) | | ८४१९७१८८ | २ | संघिय/प्रदेश शर्सत अनुदान फिर्ता | | ३७३२८६७५ |
| | क) जनसहभागिता | | | | क)संघिय शर्सत अनुदान फिर्ता | ३६५११७७५ | |
| | ख) आन्तरिक राजश्व खाता | १०४४२०२४ | | | ख)संघिय समपुरक अनुदान फिर्ता | १५०००० | |
| | ग) बाडँफाँड बाट प्राप्त राजश्व | ७३७५५१६४ | | | ग) प्रदेश शसर्त अनुदान फिर्ता | ६६६९०० | |
| ३ | संघिय सरकारबाट हस्तान्तरण अनुदान | | ३८४४२१७९५ | | घ)प्रदेश समपुरक अनुदान फिर्ता | ० | |
| | क) वित्तीय समानिकरण संघ | ७८७७१००० | | ३ | अन्य | | ९६५२८३०२ |
| | ख) सशर्त अनुदान | ३०१४८९००० | | | क)सामाजिक सुरक्षा खर्च | ९२६१३२४९ | ० |
| | ग) समपुरक अनुदान | ४१६१७९५ | | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९९०००० | ० |
| | घ) विशेष अनुदान | ० | | | ग) पर्यटन पुर्वाधार कार्यक्रम | १९२५०५३ | ० |
| ४ | प्रदेश सरकारबाट हस्तान्तरण अनुदान | | २२६६१६५५ | ४ | संचित खाता मौज्दात | | ४०००८३५० |
| | क) वित्तीय समानिकरण | ५०७०००० | | | क) बैक मौज्दात | ४०००८३५० | |
| | ख) सशर्त अनुदान | १०८९४००० | | ५ | धरौटी खाता | | ८६१७२६६ |
| | ग) समपुरक अनुदान | ६६९७६५५ | | | क)धरौटी फिर्ता | २५१७१९९ | |
| | घ) विशेष अनुदान | ० | | | ख)धरौटी मौज्दात | ६१०००६७ | |
| ५ | अन्य | | ९६५२८३०२ | ६ | प्रकोष व्यवस्थापन कोष | | २८९९९८५ |
| | क) सामाजिक सुरक्षा | ९२६१३२४९ | | | क)प्रकोष व्यवस्थापन कोष खर्च | १८४३०६८ | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १९९०००० | | | ख)प्रकोप व्यवस्थापन | १०५६९१७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कोष मौज्दात | | |
| | ग) पर्यटन पुर्वाधार कार्यक्रम | १९२५०५३ | | ७ | अन्य/ विविध खर्च(ग-2-7)खाता | | ११५८३५३४ |
| ६ | विभिन्न कोषतर्फको आय | | २९१३६२५३ | | क)अन्य/ विविध खर्च(ग-2-7)खाताको खर्च | १०६६३४१५ | ० |
| | क)अन्य /विविध खर्च खाता(ग-2-7 गत बर्षको मौज्दात | १११५२५३३ | | | ख)अन्य/ विविध खर्च खाता(ग-2-7)मौज्दात | ९२०११९ | ० |
| | क)अन्य /विविध खर्च खाता(ग-2-७ यो वर्षको आय | ४३१००१ | | | | | |
| | ख)विविध कोष(कर्मचारी कल्याण कोषगत वर्षको मौज्दात | २५८६२७२ | | ८ | कर्मचारी कल्याण कोष | | ३५८६२७२ |
| | ख)विविध कोष(कर्मचारी कल्याण कोष यो वर्षको आय | १०००००० | | | क)कर्मचारी कल्याण कोष खर्च | ० | |
| | ग)प्रकोप व्यवस्थापन कोष | १२९९९८५ | | | ख)कर्मचारी कल्याण कोष मौज्दात | ३५८६२७२ | |
| | प्रकोप व्यवस्थापन कोष खाता यो वर्षको आय | १६००००० | | ९ | विभाज्य कोष खाता | | २४४९१९७ |
| ७ | धरौटी खाता गत बर्षको मौज्दात | ५९२४६०५ | | | विभाज्य कोष खाता खर्च | १३४८००४ | |
| | धरौटी खाता यो वर्षको आय | २६९२६६१ | | | विभाज्य कोष खाता मौज्दात | ११०११९३ | |
| ८ | विभाज्य कोष खाता गत आ ब को मौज्दात | १३४८००४ | | | | | |
| | विभाज्य कोष खाता यो वर्षको आय | ११०११९३ | | | | | |
| जम्मा | | ६६०८७९६६९ | ६६०८७९६६९ | जम्मा | | ६६०८७९६६९ | ६६०८७९६६९ |

## बेरूजु दफा २१ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | गो.भौ.नं. | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|---|
| विउ पूजीग | | | | |
| १ | ४८०।२०८१।३।११ | एकल महिला बहुउदेश्यीय सहकारी संस्था लि | उद्यमशिलता विकास कार्यक्रम संचालनविउ पूजी वापत रकम भुक्तानी | २५०००० |
| ४ | ५०१।२०८१।३।१४ | एकल महिला बहुउदेश्यीय सहकारी संस्था लि | उद्यमशिलता विकास कार्यक्रम संचालनविउ पूजी वापत रकम भुक्तानी | २४२५०० |
| अनुदान | | | | |
| १ | ५२७।२०८१।३।१६ | संगम जडिवुटी नर्सरी उद्योग | चिराइतो कार्यक्रम | ५३०००० |
| २ | ५६१।२०८१।३।१७ | मार्घा देवी फलफूल नर्सरी | सुन्तला विरुवा कार्यक्रम | ७९२५०० |
| ३ | ४८३।२०८१।३।११ | SABIK KO 7,8,9 SUNTALA BIRUWA BITARAN UPABHOKTA SAMITI | सुन्तला विरुवा कार्यक्रम | १४५५०० |
| ४ | ४३२।२०८१।२।२३ | दिनेश जडीबुटी कृषि तथा पशुपालन फर्म | चिराईतो खेति विस्तार | १५०००० |
| ५ | ५८।२०८०।११।१५ | महेन्द्र आ वि र साप्तकन्या प्रा वि | ICT अनुदान तथा खरिद | ४००००० |
| ६ | २४५।२०८१।३।१७ | जाल्पा देवि प्रा.वि शारदा प्रा वि विद्यालयमा | CT सामग्री खरि | ४५०००० |
| ७ | ४११।२०८१।२।१४ | मैयुङ कृषि फर्म | विरुवा खरिद र वितरण बापत | २४७००० |
| ८ | ४४१।२०८१।२।३२ | राजघाट मौरिपालन उद्योग | मौरी व्यवस्थापन | १२५००० |
| ९ | २८८।२०८०।१२।२० | श्री उद्यमशील कृषि सहकारी संस्था लि. | घास नर्सरी व्यवस्थापन | ५००००० |
| १० | १४७।२०८१।१।२७ | विराट ग्रुप अफ कम्पनी | प्लाष्टिक टनेल खरिद | ९९७५५९ |
| जम्मा | | | | ४३३७५५९ |

# सुझाव

स्थानीय तहद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।